नेपाल एसबिआई बैंक लिमिटेड

NEPAL SBI BANK LTD.

परिवर्तनशील नेपालको सर्वाधिक लोकप्रिय बैंक

# शाखा कार्यालयका लागि घरबहाल लिने सम्बन्धि सूचना

प्रथमपटक प्रकाशित मितिः २०७९/१२/१३

यस बैंकलाई तपसिलमा उल्लेखित स्थानमा नयाँ शाखा कार्यालय स्थापना गरी संचालन गर्न तपसिलमा उल्लेखित विवरण बमोजिमको घर/भवन आवश्यक परेकाले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक घरधनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयभित्र (सो दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) तल उल्लेखित ठेगानामा आफ्नो शिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ।

| क्र.सं. | घरबहाल लिने प्रस्तावित स्थान | कैफियत |
|---|---|---|
| १ | नारायणगढ, चितवन | |
| २ | साकेला, खोटाङ्ग | |
| ३ | लमही, दाङ | |

**शिलबन्दी प्रस्तावमा खुलाउनुपर्ने विवरणहरु तथा संलग्न गर्नुपर्ने कागजातहरु :**

१. भवन निर्मित जग्गाको जग्गाधनी प्रमाणपत्र पुर्जाको प्रतिलिपि।

२. भाडामा दिन चाहेको भवन रहेको स्थानको पूर्ण विवरण, भवनको स्वीकृत नक्शा, भवन निर्माण सम्पन्न भएको प्रमाणपत्र र फोटो।

३. घरधनी र सम्पर्क व्यक्तिको नाम, ठेगाना र सम्पर्क टेलिफोन नम्बर।

४. प्रस्तावित भवनको मासिक भाडा रकम (कर सहित)।

५. प्रस्तावित भवनको बैंकलाई हस्तान्तरण गर्न सकिने मिति।

६. यदि प्रस्तावित भवन फर्म वा कम्पनीको नाममा दर्ता कायम रहेको भएमा निम्न लिखित कागजातहरु अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।
   - फर्म/कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि
   - आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र
   - कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि
   - कम्पनीको हकमा भवन भाडा दिने सम्बन्धी संचालक समितिको निर्णयको निर्णय उतार

७. यदि प्रस्तावित भवन भाडामा लिइएको जग्गामा निर्मित भएमा जग्गाधनी तथा भवन निर्माण गर्ने व्यक्ति/फर्म/कम्पनी बिचमा भएको सम्झौताको प्रतिलिपि।

**शर्तहरु :**

१. प्रस्तावित भवनहरुमा पानी, ढल, तथा पर्याप्त पार्किङ्गको सुविधा सहित न्यूनतम ६ मिटर चौडाइको मोटर बाटोसंग जोडिएको हुनुपर्नेछ।

२. प्रस्तावित भवनहरुमा ३ फेज विद्युतको आन्तरिक वाईरिङ्गको सुविधा हुनुपर्नेछ। साथै ३ फेज विद्युत जडानका लागि भवनको आसपासको क्षेत्रमा नेपाल विद्युत प्राधिकरणको वितरण लाईन भएको हुनुपर्नेछ।

२. प्रस्तावित भवन सडक बिस्तार योजनामा नपरेको हुनुपर्नेछ।

३. प्रस्तावित भवन भुकम्प प्रतिरोधात्मक पिलर सिस्टमबाट बनेको पक्की भवन हुनुपर्नेछ र बैंक संचालन गर्न उपयुक्त हुनुपर्नेछ।

४. प्रस्तावित भवन शाखा कार्यालय संचालनार्थ घटीमा १५ वर्षको लागि बहालमा उपलब्ध गराउनु पर्नेछ।

५. प्रस्तावित शाखाहरुमध्ये नारायणगढ, चितवन स्थानको लागि भवनको न्युनतम क्षेत्रफल २,५०० र अधिकतम क्षेत्रफल ३,५०० वर्ग फिट हुनुपर्नेछ। प्रस्तावित शाखाहरुमध्ये साकेला, खोटाङ स्थानको लागि भवनको न्युनतम क्षेत्रफल ७०० र अधिकतम क्षेत्रफल १,००० वर्ग फिट हुनुपर्नेछ। प्रस्तावित शाखाहरुमध्ये लमही, दाङ स्थानको लागि भवनको न्युनतम क्षेत्रफल ७०० र अधिकतम क्षेत्रफल १,००० वर्ग फिट हुनुपर्नेछ। साथै, भुई तला बाहेक अन्य तलाहरु भाडामा उपलब्ध गराउन चाहेको भएमा भुई तलामा ATM राख्नका लागि 8 ft x 5 ft को ए.टि.एम. रुम (ATM ROOM) अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

६. बैंकलाई विद्युत आपूर्तीका लागि आवश्यक पर्ने जेनेरेटर राख्ने स्थान अनिवार्य रूपमा निःशुल्क उपलब्ध गराउनु पर्नेछ।

७. बैंकले घरभाडा भुक्तानी गर्दा प्रचलित कानून अनुसार सम्पूर्ण कर (बहाल कर, स्थानीय निकायलाई भुक्तानी गर्नुपर्ने कर) घरधनी स्वंयमले सम्बन्धित निकायमा भुक्तानी गर्नुपर्नेछ।

८. भुई तला तथा प्रथम तलालाई विशेष ग्राह्यता दिइने छ। निर्माण सम्पन्न भईसकेको घरलाई प्राथमिकता दिईने छ।

९. घरधनी स्वयम्ले पेश गरेको प्रस्ताव मात्र मान्य हुनेछ।

१०. कुनै कारण दर्शाई वा नदर्शाई स्विकृत गर्ने वा नगर्ने वा छनौटमा परेका प्रस्ताव उपर समेत पुनः नेगोसिएसन एवम् वार्ता गर्ने सर्वाधिकार बैंकमा सुरक्षित रहने छ। यस सम्बन्धी पत्राचार उपर समेत कुनै कारवाही गरिने छैन।

११. बैंकबाट कुनै प्रस्ताव स्वीकृत भएमा त्यस्तो स्वीकृत प्रस्तावका प्रस्तावक वा सम्पर्क व्यक्तिलाई सम्पर्क गरी बैंकले घर धनीसंग छुट्टै बहाल सम्झौता गरी प्रस्तावित घर वा भवन बहालमा लिने छ।

१२. इच्छुक घरधनीले पेश गर्नुपर्ने प्रस्ताव शिलबन्दी गरी खामको बाहिरी भागमा प्रष्ट रुपमा "............................ शाखा कार्यालयको लागि घर भाडा प्रस्ताव" उल्लेख गरी सामान्य सेवा विभाग, नेपाल एसबिआई बैंक लि., प्रधान कार्यालय, कमलादी, काठमाडौंको ठेगानामा पेश गर्नुपर्नेछ।

१३. म्याद नाघी प्राप्त हुन आएको प्रस्ताव उपर कुनै कारवाही अगाडी बढाइने छैन।

१४. प्रस्ताव बमोजिमको घर/भवन स्विकृत भएमा घर बहाल सम्झौता गर्नु अघि उक्त घर/भवनधनिले सो घर/भवनको सुरक्षाको लागि घरको बिमा अनिवार्य रुपमा गराउनु पर्नेछ।

सामान्य सेवा विभाग, कमलादी, काठमाडौं, फोन नं. ०१-४४३५६१३

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना